This Question Paper consists of **13** questions and **8** printed pages.
यस प्रश्न–पत्रमा **13** प्रश्न र **8** मुद्रित पृष्ठ छ ।

Roll No.
अनुक्रमांक

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

**9172**

# NEPALI
# (नेपाली)
# (231)

**Code No.** **70/S/O/N**
**कोड नं.**

**SET/सेट** **A**

Day and Date of Examination ..........................................................................
(परीक्षाको दिन अनि दिनाङ्क)

Signature of Invigilators 1. ..........................................
(निरीक्षकहरूको हस्ताक्षर)

2. ..........................................

**सामान्य अनुदेश :**

1. परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न–पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ ।
2. प्रश्न–पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न–पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ । प्रश्न–पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस् । प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ ।
3. वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर–पुस्तिकामा चिह्नित गर्नोस् ।
4. वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय–सीमा निश्चित छैन ।
5. उत्तर–पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ ।
6. उत्तर–पुस्तिकामा आफ्नो प्रश्न–पत्रको कोड नं. **70/S/O/N, Set** **A** लेख्नुहोस् ।

**NOTE / निर्देश :**

(1) Answer of **all** questions are to be given in the Answer-Book given to you.
**सभी** प्रश्नों के उत्तर आपको दी गयी उत्तर-पुस्तिका में ही लिखें ।

(2) 15 minutes time has been allotted to read this question paper. The question paper will be distributed at **02:15** p.m. From **02:15** p.m. to **02:30** p.m., the students will read question paper only and will not write any answer on the answer-book during this period.
इस प्रश्न–पत्र को पढ़ने के लिए **15** मिनट का समय दिया गया है । प्रश्न–पत्र का वितरण दोपहर में **02:15** बजे किया जाएगा । **02:15** बजे से **02:30** बजे तक छात्र केवल प्रश्न–पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर–पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे ।



UNNATI EDUCATION
9899-436-384: 9654-279-279

**NEPALI**

**नेपाली**

**(231)**

समय : **3 घण्टे ]** **[ पूर्णाङ्क : 100**

---

**सामान्य निर्देश :** (i) **सबै** प्रश्नको उत्तर अनिवार्य छ र प्रत्येक प्रश्नको अङ्क छेउमा दिइएको छ ।

(ii) यस प्रश्न-पत्रमां **तीन** खण्ड – खण्ड–क, खण्ड–ख र खण्ड–ग छन् ।

(iii) यस प्रश्नपत्रमा कुल **13** प्रश्नहरू छन् ।

---

## खण्ड – क

1. निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी तला सोधिएका प्रश्नहरूको उत्तर सही विकल्प चुनेर लेख्नुहोस् : **6 × 1 = 6**

भारतीय संस्कृति र हिन्दू धर्मको संरक्षण र संवर्द्धन गर्नका लागि नै आदि शङ्कराचार्य जन्मिएका थिए भन्ने विश्वास रहेको पाइन्छ । उनलाई भगवान् स्वयम्ले धर्मको स्थापना गर्नका निम्ति पृथ्वीमा पठाएका थिए भन्ने हिन्दूहरूको विश्वास छ । शङ्कराचार्य दक्षिण भारतको केरला राज्यको कालदी भन्ने ठाउँमा सन् ७८८ मा जन्मिएका थिए । उनी ईश्वरका परमभक्त थिए । त्यसकारण सानै उमेरमा उनी सन्यासी भए र भारतका विभिन्न स्थानहरूमा हिन्दू धर्म प्रचार गर्दै हिंडे । उनले सनातन धर्मबारे विभिन्न आचार्य, विद्वान् तथा धर्मगुरुहरूलाईं बुझाए । शङ्कराचार्यले त्यसबेला प्रचार गरेको धर्मलाई आज हिन्दू धर्म भनिन्छ । उनी अद्वैत दर्शनका प्रणेता र संस्थापक हुन् । अद्वैतवादमा उनका धेरै उपयोगी कुराहरू पाइन्छन् । 'अहं ब्रह्मास्मि' भन्ने उनको भनाइको अर्थ हो – म नै ब्रह्म हुँ अर्थात् भगवान् एक छन्, मानिसले अहङ्कार त्याग गर्नुपर्छ र आफूलाई बुझ्नुपर्छ । 'जगन्मिथ्या ब्रह्ममेव सत्य' अर्थात् यो जगत् मिथ्या हो र ब्रह्म मात्र सत्य हो भन्ने कुरा उनको अद्वैत दर्शनको सार हो । उनले संस्कृत भाषामा 'सौन्दर्य लहरी', 'शिवानन्द लहरी' जस्ता साहित्यिक कृतिहरू रचेका छन्, जो खुबै सरल छन् । यी पुस्तकहरूमा शिव र पार्वतीका बारेमा विस्तृत रूपमा बयान गरिएको पाइन्छ ।

(i) आदि शङ्कराचार्यः कहाँ जन्मिएका थिए ?

(A) पूर्व भारत (B) पश्चिम भारत

(C) दक्षिण भारत (D) उत्तर भारत

(ii) आदि शङ्कराचार्यको जन्मबारे कुन लोकमान्यता छ ?

(A) भारतीय संस्कृतिको संरक्षण निम्ति (B) हिंदू धर्मको विकास

(C) धर्मको स्थापना (D) उपर्युक्त सबै



UNNATI EDUCATION
9899-436-384: 9654-279-279

(iii) आदि शङ्कराचार्य सन्यासी भए

(A) बाल्यावस्थामा (B) वर्द्धस्थमा

(C) सानै उमेरमा (D) युवावस्थामा

(iv) आदि शङ्कराचार्यको दार्शनिक सिद्धान्तलाई भनिन्छ

(A) अद्वैत सिद्धांत (B) वेदान्त

(C) द्वैत सिद्धान्त (D) विशिष्ट सिद्धांत

(v) शङ्कराचार्य कहिले जन्मिएको ?

(A) छैटों शताब्दी (B) सातौं शताब्दी

(C) आठऔं शताब्दी (D) नऔं शताब्दी

(vi) 'अहं ब्रह्मासि' को शब्द रूप के हो ?

(A) विदेशज (B) देशज

(C) तद्भव (D) तत्सम

2. तलका प्रश्नहरूका चार विकल्पमध्ये सही विकल्पलाई उत्तर-पुस्तिकामा चिह्नित गर्नुपर्छ : **4 × 1 = 4**

(i) भाषा-शुद्धताको लागि कुन कुरामाथि ध्यान केन्द्रित गर्नु पर्दैन ?

(A) विराम चिह्न (B) सुंदर लेखन

(C) शब्द चयन (D) वाक्य गठन

(ii) विचारलाई एउटे क्रममा लेख्नलाई के भनिन्छ ?

(A) विचार प्रवाह (B) विचार क्रम

(C) विचार वीथि (D) विचार विमर्श

(iii) शीर्षक बनाएको समयमा के को ध्यान राख्नु पर्छ ?

(A) शीर्षक (B) प्रत्यय

(C) अलङ्कार (D) सार्थकता

(iv) हर्ष, शोक, आश्चर्य आदि भाव प्रकट गर्दा कुन चिह्न लगाउनु पर्छ ?

(A) पूर्ण विराम (B) प्रश्न चिह्न

(C) विस्मयादिबोधक (D) अल्प विराम



UNNATI EDUCATION
EK KADAM UNNATI KI AUR
**UNNATI EDUCATION**
**9899-436-384: 9654-279-279**

3. अधोलिखित प्रश्नहरूको सही विकल्प चयन गर्नुहोस् : **5 × 1 = 5**

(i) आफ्नो साथीलाई लेखेको पत्र हुन्छ

(A) व्यावसायिक पत्र (B) अनौपचारिक पत्र

(C) सरकारी पत्र (D) अर्ध-सरकारी पत्र

(ii) प्रार्थना पत्र कसको अन्तर्गत हो ?

(A) औपचारिक पत्र (B) अनौपचारिक पत्र

(C) सरकारी पत्र (D) अर्ध-सरकारी पत्र

(iii) पत्रमा सम्बोधनपछि हुन्छ

(A) पत्रलेखन (B) आफ्नो समाचार

(C) पाउने मानिसको धर्म (D) पाउने मानिसको ठेगाना

(iv) छात्रावासमा बस्ने भाइलाई दाज्यूको पत्र हुन्छ

(A) औपचारिक पत्र (B) व्यक्तिगत पत्र

(C) अर्ध–शासकीय पत्र (D) सरकारी पत्र

(v) सादर ढोग कुन पत्रको अभिवादन हो ?

(A) औपचारिक (B) कार्यालयी

(C) सरकारी (D) अनौपचारिक

UNNATI EDUCATIONS
EK KADAM UNNATI KI AUR

4. निम्नलिखित प्रश्नहरूका सही विकल्प चयन गर्नुहोस् : **5 × 1 = 5**

(i) 'निबन्ध' को शब्दरूप हो

(A) तत्सम (B) तद्भव

(C) देशज (D) विदेशज

(ii) निबन्धको भाषा हुनु पर्छ

(A) शुद्ध (B) त्रुटियुक्त

(C) अप्ठेरो (D) तत्समप्रधान



UNNATI EDUCATION
9899-436-384: 9654-279-279

(iii) कुन प्रकारको निबन्ध घटनात्मक हुन्छ ?

(A) विचारात्मक (B) विवरणात्मक

(C) वर्णनात्मक (D) उपर्युक्त सबै

(iv) निबन्धको प्रारम्भिक भागलाई के भनिन्छ ?

(A) उपसंहार (B) विषय प्रवेश

(C) प्रस्तावना (D) मध्य

(v) निबन्ध गद्यको एक महत्वपूर्ण ________ हो ।

(A) विद्या (B) विधा

(C) विधेय (D) विमर्श

## खण्ड – ख

5. निम्नलिखित वस्तुनिष्ठ प्रश्नहरूको एक वा दुइ शब्दमा उत्तर लेख्नुहोस् : **10 × 1 = 10**

(i) 'आमा' कविता कविको कुन काव्यबाट उद्धृत हो ?

(ii) 'आमा' कविता कुन छन्दमा रचित छ ?

(iii) एउटा राष्ट्र बन्नको निम्ति देशवासीले के दिनु पर्छ ?

(iv) भूपि शेरचनको प्रथम कविता सङ्ग्रह के हो ?

(v) हरिभक्त कटुवालले भारतका सपूतलाई के भनेका छन् ?

(vi) 'साहित्यिक होली' अनुसार 'शिक्षा' र 'भारती' के हुन् ?

(vii) कवि धिमिरेले नेपाली जातिलाई के बन्ने उपदेश दिएका छन् ?

(viii) 'कवि र कविता' अनुसार भाग्य निर्माता के हो ?

(ix) लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' कुन शैलीमा रचित हो ?

(x) 'दूधपान गरी सर्प, खालि विष बहाउँछ' – 'सर्प' के को प्रतीक हो ?



UNNATI EDUCATIONS
EK KADAM UNNATI KI AUR

**UNNATI EDUCATION**
**9899-436-384: 9654-279-279**

6. तलका वस्तुनिष्ठ प्रश्नहरूको **एक** वा **दुइ** शब्दमा उत्तर लेख्नुहोस् : **10 × 1 = 10**

(i) "यो निकम्मा छ तसर्थ म यसलाई रुचाउँ छु ।" – कसले भने ?

(ii) "एउटा असल ग्रन्थ नष्ट गर्नु" "एउटा मानिसको हत्या गर्नु बराबरै हो" – यो वाक्य कसले भने ?

(iii) नागा भाषामा 'हुकी' भनेको के हो ?

(iv) दृश्यकाव्य के हो ?

(v) अभिनेयता कुन साहित्यिक विधाको तत्व हो ?

(vi) 'पद्‌मा' कुन कथा-संग्रहसित उद्धत छ ?

(vii) 'मार्चिपोकोण्डी' कुन भाषाको शब्द हो ?

(viii) अनिता र अञ्जलीमाझ कति वर्षका अन्तर छ ?

(ix) 'मृगतृष्णा' कथामा सत्र-अठारवर्षीय केटा कोसित ठोकियो ?

(x) नेपाली भाषाले भारतीय सम्विधानको आठौं अनुसूचिमा कहिले मान्यता पाएको हो ?

7. अधोलिखित प्रश्नहरूको निर्देशानुसार उत्तर लेख्नुहोस् : **10 × 1 = 10**

(i) 'अग्र' को विपरीतार्थक शब्द लेख्नुहोस् ।

(ii) 'अनु' उपसर्ग जोड़ेर एउटा शब्द-रचना गर्नुहोस् ।

(iii) 'उपन्यास' शब्दको सन्धि-विच्छेद गर्नुहोस् ।

(iv) 'बहुमुखी' कुन समासको अन्तर्गत हो ?

(v) 'टीका' का दुइवटा अर्थ लेख्नुहोस् ।

(vi) 'वचन राख्नु' वाग्धाराको अर्थ लेख्नुहोस् ।

(vii) आवास-आभास का अर्थ स्पष्ट गर्नुहोस् ।

(viii) 'भोक न भकारी शोक न सुर्ता' उखान को अर्थ बताउनुहोस् ।

(ix) 'भिडन्त' शब्दमा हुने प्रत्यय लेख्नुहोस् ।

(x) घरमा बस – विभक्तिको नाम लेख्नुहोस् ।



UNNATI EDUCATIONS
EK KADAM UNNATI KI AUR

**UNNATI EDUCATION**
**9899-436-384: 9654-279-279**

### खण्ड – ग

8. निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

यसरी उत्साह पाउँदा बृटिशद्वारा सञ्चालित हिमालय अभियानमा श्री तेञ्जिङ शेर्पाले भाग लिए । नेपालको प्रजातन्त्रपछि नेपालले यस अभियानको दललाई आफ्नो मुलुकबाट बाटो दिएर हिमालय पर्वत चढ्न पठायो । अगाडि-अगाडि हिमालय पर्वत अभियानको दल तिब्बत भएर हिमालय पर्वत जानु पर्थ्यो । नेपालका यस काममा सारा संसारले गौरव मान्नु पर्ने कुरो हो । शुक्रबार तारीख २९ मई १९५३को दिन साडे एघाह्र बजे दिउँसो श्री तेञ्जिङ शेर्पा र निउजील्याण्ड निवासी एडमन्ड हिल्लरी विश्वको सर्वोच्च चुली माउन्ट एभरेस्टमा चढेर प्रकृतिमाथि विजय गरे । भारत, बृटेन, नेपाल र राष्ट्रसंघको झण्डा श्री तेञ्जिङ शेर्पाले हिमालय पर्वतको सर्वोच्च चुलीमा फरफराए । यसरी प्रकृतिमाथि मानिसको शक्तिको विजय भयो ।

(i) 'यसरी उत्साह पाउँदा' को आशय स्पष्ट गर्नुहोस् । **2**

(ii) पहिले हिमालय पर्वत अभियानको दल कुनबाट हिमालय पर्वत जानु पर्थ्यो ? **2**

(iii) प्रकृतिमाथि मानिसको शक्तिको कसरी विजय भयो ? **2**

अथवा

(iii) विश्वको सर्वोच्च चुलीमा कहिले विजय प्राप्त गरे ? **2**

(iv) उपर्युक्त अवतरणको भावार्थ स्पष्ट गर्नुहोस् । **5**

9. तला दिइएका पद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

"आओ नौला किरण मुरली टाकुरामा बजाओ
आमा आफना रगत, जनका प्राण छोरा जगाओ
निस्की आओ हिमगिरि-कुना-कन्दराका तपस्वी
आओ, आओ तरुण युगका स्वप्नदृष्टा महर्षि ।।"

(i) उद्धृत अंशको मूलभाव स्पष्ट गर्नुहोस् । **5**

(ii) कवि घिमिरेका कविताहरूका विशेषता लेख्नुहोस् । **3**

(iii) 'नौला किरण' को अर्थ स्पष्ट गर्नुहोस् । **2**

अथवा

छोड़ अहिंसाको ब्रत योगी हो
भोगी भई अब निस्क ।
देशको लागि हाँसी हाँसी कालसँग
गई निस्कं ।।

(i) उद्धृत अंशको मूलभाव स्पष्ट गर्नुहोस् । **5**

(ii) कवि 'हिरभक्त कटुवालका' कविताहरूका विशेषता लेख्नुहोस् । **3**

(iii) 'अहिंसाको ब्रत योगी' को अर्थ स्पष्ट गर्नुहोस् । **2**



UNNATI EDUCATIONS
EK KADAM UNNATI KI AUR
UNNATI EDUCATION
9899-436-384: 9654-279-279

10. निम्नलिखित मध्ये कुनै **तीन** को उत्तर लेख्नुहोस् : **$3 \times 2 = 6$**

(i) राजकुमार सिद्धार्थले हेर्ने कुन–कुन दृश्य तयार थिए ?

(ii) 'पद्मा' कथाको सम्वादका विशेषताहरू उल्लेख गर्नुहोस् ।

(iii) 'मेरो एउटा नागाहुकी' कथामा कुन कुराको चर्चा भएको छ ?

(iv) 'जीवन र साहित्य' पाठ अनुसार धर्मग्रन्थ भन्दा ठूलो के हो र किन ?

11. निम्नलिखित कुनै **दुइवटा** प्रश्नहरूको उत्तर लेख्नुहोस् : **$2 \times 5 = 10$**

(i) 'नेपाली : सरकारी कामकाजका भाषा' निबन्धको भाषा–शैली बारे वर्णन गर्नुहोस् ।

(ii) 'त्रिकोण' एकाङ्कीको हरि बाजेको चरित्र–चित्रण गर्नुहोस् ।

(iii) 'मृगतृष्णा' का पात्र–पात्राहरूका विशेषता उल्लेख गर्नुहोस् ।

12. परीक्षामा असफल भएका मित्रलाई पुनः अध्ययन गर्ने प्रेरणा दिँदै एउटा पत्र लेख्नुहोस् । **5**

अथवा

विभिन्न कार्यालयका कर्मचारीहरूको लापरवाहीबारे महकुमा अधिकारीलाई एउटा ज्ञापन पत्र लेख्नुहोस् ।

13. निम्नलिखित कुनै एक विषयमाथि निबन्ध लेख्नुहोस् : **8**

(i) बढ्दौ धार्मिक कुसंस्कार

(ii) साम्प्रदायिकताका दुष्प्रभाव

(iii) भारतको युवावर्ग

(iv) मेरो प्रिय साहित्यकार

UNNATI EDUCATIONS
EK KADAM UNNATI KI AUR



UNNATI EDUCATION
9899-436-384: 9654-279-279